म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २६४ २०८० भदौ ३ गते आयतबार 20 August 2023, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

### मकवानपुरका शिक्षकका शैक्षिक परियोजना देशकै उत्कृष्ट

# थापालाई एक लाख राशीको पुरस्कार, लामिछानेलाई ५० हजार



*विवशजंग थापा*



*रोज लामिछाने*

समाज संवाददाता

हेटौंडाः देशव्यापी आव्हान गरिएको शैक्षिक परियोजनामा प्रतियोगितामा मकवानपुरका दुई शिक्षकको परियोजना उत्कृष्ट घोषित हुँदै पुरस्कृत भएका छन् । सूचना प्रविधिको प्रयोग गरी सीमारहित शिक्षाको अवधारणाबारे परियोजना प्रस्तुत गर्नुभएका विवशजंग थापा र विद्यार्थीको लेखन कलालाई प्रोत्साहन गर्नुभएका शिक्षक सरोज लामिछाने क्रमशः प्रथम र द्वितीय घोषित हुनुभएको छ ।

नेपाल शैक्षिक विकास कोषले शनिबार परियोजनाको प्रस्तुतीसँगै प्रथम, द्वितीय र सान्त्वना घोषणा गरेको हो । कोषले पहिलो पटक आयोजना गरेको प्रतियोगितामा सामुदायिक विद्यालयका शिक्षकलाई मात्र सहभागिताको अवसर रहेको थियो । झापाको घनश्याम अधिकारीको गणित शिक्षा र धादिङका महिन ओजिन सामाजिक शिक्षाको परियोजना सान्त्वना घोषित भएको छ । प्रथम र द्वितीयलाई क्रमशः एक लाख र ५० हजार रुपैयाँ नगद पुरस्कार रहेको छ भने सान्त्वना हुने दुईजनालाई १०/१० हजार रुपैयाँ पुरस्कार रहेको छ । नेपाल, बेलायत र आयरल्याण्डमा रहेका नेपालीको एउटा समूहले नेपाल शैक्षिक विकास कोष गठन गरेर हरेक वर्ष शिक्षकलाई प्रोत्साहन गर्ने गरी पुरस्कृत गर्दै आएको छ । कोषले दुई महिनाअघि देशभरका शिक्षकहरुलाई परियोजना प्रस्ताव गर्न आव्हान गरेको थियो ।

सूचना प्रविधिमा भएको विकासले सहजै दुई देशका विद्यार्थीबीच सामाजिक, साँस्कृतिक आदानप्रदान तथा शैक्षिक अन्तरक्रियाको सम्भावनालाई आत्मसात गर्दै भर्चुअल माध्यमबाट विद्यार्थीबीच अन्तरक्रियालाई प्रवर्द्धन गर्दै आउनुभएका मकवानपुरका विवश जंग थापा प्रथम हुनुभएको हो । हेटौंडा-५ निवासी अंग्रेजी विषयका शिक्षक विवश जंग थापाले सीमारहित शिक्षासम्बन्धी अवधारणा प्रस्तुत गर्नुभएको थियो । ८ वर्षअघि हेटौंडा-६, गौरिटारस्थित बालजागृति युवा वर्ष माविका विद्यार्थी र भारतको विद्यालयका विद्यार्थीबीच भर्चुअल माध्यमबाट विद्यार्थीबीच अन्तरक्रिया, सामाजिक, साँस्कृतिक प्रस्तुती गराएर थापाले सीमारहित शिक्षाको परिकल्पनालाई व्यवहारमा उतार्नुभएको थियो । दुई वा दुई भन्दा बढी मुलुकका विद्यार्थीबीच एकअर्काको सामाजिक, साँस्कृतिक विषय बुझ्न बुझाउन र आपसमा मनोवल समेत बढाउन पनि सीमारहित शिक्षाको अवधारणालाई कार्यान्वयनमा ल्याएको थापा बताउनुहुन्छ ।

थापाले ४५ वटा देशका विद्यार्थीसँग नेपालका विभिन्न विद्यालयका विद्यार्थीबीच अन्तरक्रिया गराइरहनुभएको छ । मकवानपुर जिल्लामा मात्रै अहिलेसम्म ५० भन्दा बढी निजी तथा सामुदायिक विद्यालयका विद्यार्थीलाई विदेशी विद्यार्थीसँग अन्तरक्रिया गराइसक्नुभएको छ । अंग्रेजी विषयको शिक्षक भए पनि सूचना प्रविधिप्रति आफ्नो रुचिकै कारण सीमारहित शिक्षाको परिकल्पनाले साकार रुप लिएको उहाँ बताउनुहुन्छ । आफैंले अनलाइन कोर्ष अध्ययन गर्ने क्रममा सम्पर्कमा आएका विदेशी साथीहरुमार्फत विभिन्न देशका विद्यालयसम्म सम्पर्क विकसित गरी नेपालका विद्यालयका विद्यार्थीबीच अन्तरक्रियाको अभ्यास भइरहेको थापा बताउनुहुन्छ ।

काठमाडौं विश्वविद्यालयबाट अंग्रेजी साहित्य विषयमा एमफिल तहको अध्ययन गरिरहनुभएका थापा हेटौंडा क्याम्पसका अंग्रेजी विषयको प्राध्यापकको रुपमा कार्यरत हुनुहुन्छ । थापाले हरेक साता एउटा विद्यालयका विद्यार्थीलाई विदेशी विद्यार्थीसँग अन्तरक्रिया गराउँदै आउनुभएको छ । विद्यालयको चासो र सक्रियताका आधारमा एउटै विद्यालयका विद्यार्थीलाई ५ पटकसम्म विदेशी विद्यालयका विद्यार्थीसँग अन्तरक्रिया गराएको स्मरण गर्नुहुँदै थापाले भन्नुभयो, "एक पटकमा नेपालको एउटा विद्यालयका विद्यार्थीलाई ४ देखि ५ वटा देशका विद्यार्थीसँग अन्तरक्रिया गराउने गरिएको छ । बढीमा २ घण्टा विद्यार्थीसँग अन्तरक्रिया गराउने गरिएको छ । २ कक्षादेखि १२ कक्षासम्मका विद्यार्थी अन्तरक्रियामा सहभागी हुन्छन् ।"

थापाले स्वयम्सेवी शिक्षकको रुपमा नेपालका विद्यार्थीलाई विदेशी विद्यार्थीसँग अन्तरक्रिया गराउँदै आउनुभएको छ । गुणस्तरीय इन्टरनेट र ल्यापटप भए सहजै विद्यार्थीबीच अन्तरक्रिया सम्भव हुन्छ । थापाले प्रभावकारी शिक्षाकै अध्ययन, अनुसन्धानको क्रममा अमेरिकाको भ्रमण गरिसक्नुभएको छ ।

यस्तै हेटौंडा-६, चौघडास्थित बंशगोपाल माविका अंग्रेजी विषयका शिक्षक सरोज लामिछानेको परियोजना दोस्रो भएको छ । ५ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीका रचनालाई बंशगोपाल बालवाणी नामक भित्ते पत्रिका २०७५ सालदेखि मासिकरुपमा प्रकाशन गर्दै आएको विषयलाई आफ्नो परियोजनाको रुपमा लामिछानेले प्रस्तुत गर्नुभएको थियो ।

कथा, कविता, मुक्तक, गाउँखाने कथा जस्ता रचना समावेश गरी भित्ते पत्रिका प्रकाशन गर्ने क्रममा विद्यार्थीमा ज्ञान, सीप, कला र क्षमता विकास भएको लामिछाने बताउनुहुन्छ । विद्यार्थीकै सहभागितामा सम्पादकीय समूह गठन गरी मासिक भित्ते पत्रिका प्रकाशन हुँदै आएको उहाँले बताउनुभयो ।

# हेटौंडा-१० को वडा कार्यालय भवन उद्घाटन



*वडा कार्यालयको भवन उद्घाटन गर्नुहुँदै नगर प्रमुख मीना कुमारी लामा ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको १० नम्बर वडा कार्यालय भवनको उद्घाटन गरिएको छ । शुक्रबार नगर प्रमुख मिना कुमारी लामाले नवनिर्मित भवनको उद्घाटन गर्नुभएको हो ।

वडा कार्यालय भवनको उद्घाटन गर्नुहुँदै नगर प्रमुख लामाले नागरिकले पाउने र लिने सेवामा सहज हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले १० नम्बर वडा कार्यालय अगाडि चाँडै ठूलो प्रविधियुक्त व्यापारिक संरचना निर्माण गर्न उपमहानगरपालिकाले तयारी गरेको बताउनुभयो । यसको चाँडै टेन्डर आव्हान हुने उहाँले बताउनुभयो । गत वर्षको भदौबाट निर्माण सुरु गरिएको भवनको शुक्रबार उद्घाटन गरिएको हो ।

१० कोठे भवनको लागत करिब ५० लाख रुपैयाँ रहेको १० नम्बरका वडाध्यक्ष फूर्वा दोर्जे लामाले बताउनुभयो । वडा कार्यालय आफ्नै भवनमा सञ्चालनमा आएपछि सेवा प्रवाहमा सहज हुने उहाँको भनाई छ । यसअघि १० नम्बर वडाको कार्यालय भाडाको घरबाट सञ्चालन भइरहेको थियो । वडा कार्यालयसँगै कार्यालय परिसरमा निर्माण भएको सालक पार्कको पनि उद्घाटन गरिएको छ । वडा कार्यालयको भवन उद्घाटन कार्यक्रममा उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई लगायत वडाध्यक्षहरुको सहभागिता रहेको थियो ।

हेटौंडा उपमहानगरका १९ वटा वडामध्ये तीन वटा वडा मात्र घरभाडा लिएर सञ्चालन भइरहेको छ । हेटौंडा उपमहानरपालिकाका सूचना अधिकारी भानु थपलियाका अनुसार अहिले २, ५ र १६ नम्बर वडा कार्यालय घर भाडामा सञ्चालन भइरहेको छ । बाँकी वडाहरुको आफ्नै भवनबाट सेवा दिइरहेको छ ।

### आधुनिक माविमा विज्ञान विषयको अध्यापन सुरू

# प्रयोगशालाको उद्घाटन



*उद्घाटनपछि विज्ञान प्रयोगशालाको अवलोकन गर्दै अतिथिहरु ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माविमा कक्षा ११ मा विज्ञान विषयको पठनपाठन सुरु भएको छ । यसै शैक्षिकसत्रदेखि विज्ञान संकायको सुरुवात गरेको आधुनिक राष्ट्रिय माविमा शुक्रबार विज्ञान प्रयोगशालाको उद्घाटन गरिएको छ । शुक्रबार शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक चुडामणि पौडेलले प्रयोगशालाको उद्घाटन गर्नुभएको हो ।

विज्ञान संकाय सुरुवातको घोषणा तथा प्रयोगशाला उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महानिर्देशक पौडेलले अहिले सामुदायिक विद्यालयहरुको स्तर सुधार गर्न आवश्यक रहेको बताउनुभयो । अहिले प्लस टुपछि विज्ञानका विद्यार्थीहरु कम हुँदै गइरहेको बताउनुहुँदै उहाँले विज्ञान कक्षालाई व्यवस्थित बनाएर जानुपर्ने आवश्यकता रहेको बताउनुभयो । आफु पनि विज्ञानका विद्यार्थी भएको बताउनुहुँदै उहाँले यस क्षेत्रमा गर्नुपर्ने कामको बारेमा जानकार रहेको बताउनुभयो । उहाँले विज्ञानका विद्यार्थीका लागि कक्षा व्यवस्थित हुनुपर्ने र प्रयोगशालाहरु पर्याप्य मात्रामा हुनुपर्ने बताउनुभयो । आधुनिक माविले अहिले सरकारबाट पाउँदै आएको अनुदानहरुलाई आगामी दिनमा नतिजा र विद्यार्थी संख्याको आधारमा थप गर्दै जाने पौडेलले बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईले पहिलो वर्षमा विज्ञान संकायमा ४३ जना विद्यार्थी भनाए भएको जानकारी दिनुभयो । २०६७ सालदेखि उच्च मावि तहमा मानविकी र शिक्षा संकाय सञ्चालन गर्दै आएको आधुनिकमा यस वर्षदेखि अग्रेजी माध्यममा व्यवस्थापन संकायलाई पनि सुरु गरेको उहाँले बताउनुभयो । विद्यालयले प्रयोगशाला तथा कक्षालाई व्यवस्थित बनाएर लैजाने उहाँले बताउनुभयो । शैक्षिक गुणस्तर र विद्यार्थी संख्याको आधारमा आधुनिक मावि अहिले पनि जिल्ला भित्रको सामुदायिक विद्यालयहरुभन्दा अग्रस्थानमा रहँदै आइरहेको बताउनुहुँदै उहाँले यसलाई निरन्तरता दिने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समीम अन्सारीको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश शिक्षा निर्देशनालयका निमित्त निर्देशक पूर्णबहादुर दर्जी, शिक्षा विकास समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतम, राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरे, विद्यालय पूर्वप्रधानाध्यापक ऋषिराम पोखरेलको आतिथ्य रहेको थियो ।

भौतिक विज्ञान, जीव विज्ञान र रसायन विज्ञानको प्रयोगशाला निर्माणमा साढे ६ लाख रुपैयाँ खर्च भएको प्रधानाध्यापक रामसागर गुरागाईले जानकारी दिनुभयो । नमूना विद्यालय कार्यक्रमअन्तर्गत सरकारबाट प्राप्त साढे २ लाख रुपैयाँ र विद्यालयकै बजेट ४ लाख रुपैयाँबाट प्रयोगशाला निर्माण गरिएको हो । पहिलो वर्ष ४५ जना विद्यार्थी मात्रै भर्ना गर्ने लक्ष्यसहित सुरुवात गरिएको विज्ञान संकायमा ४५ जना विद्यार्थी भर्ना भइसकेको प्रधानाध्यापक गुरागाईले जानकारी दिनुभयो ।

विद्यालयले गाउँपालिकाको सिफारिसमा ११ जना र दलित तथा मुस्लिम ४ गरी १५ जना विद्यार्थीलाई मासिक शूल्क मिनाहा गरिदिएको छ । आधुनिक राष्ट्रिय माविले विज्ञान संकायमा भर्ना शूल्क १० हजार रुपैयाँ र मासिक शूल्क २ हजार रुपैयाँ कायम गरेको छ । मकवानपुरको बागमती गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाका ३/३ जना, बकैया र मनहरी गाउँपालिकाका २/२, हेटौंडा उपमहानगर क्षेत्रका दलित र मुस्लिम ४ जना गरी १५ जनाले मासिक शूल्क छुट पाएका छन् । आधुनिक राष्ट्रिय माविमा व्यवस्थापन संकायको अंग्रेजी माध्यममा ४१ जना र नेपाली माध्यम ३५ जना विद्यार्थी भर्ना भएको प्रधानाध्यापक गुरागाईले जानकारी दिनुभएको छ ।

# दैनिक २ करोड लिटर खानेपानी वितरण गर्दैं बोर्ड



समाज संवाददाता

हेटौंडाः हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले उपभोक्तालाई दैनिक २ करोड ५ लाख लिटर खानेपानी वितरण गर्दैं आइरहेको छ । बोर्डद्वारा वितरित करिब २४ हजार धारामार्फत् दैनिक सरदर ७ देखि ८ घण्टा खानेपानी वितरण गर्दै आएको बोर्डका सूचना अधिकृत सञ्जय न्यौपानेले जानकारी दिनुभएको छ ।

हेटौंडा उपमहानगरको वडा नम्बर ११, १२ र १३ मा हालसम्म बोर्डको सेवा विस्तार नभएता पनि वडा नम्बर ११ को थानाभञ्याङ क्षेत्रमा यसै आर्थिक वर्षदेखि खानेपानीको पूर्वाधार निर्माण गरिने भएको छ । यस्तै, वडा नम्बर १३ मा सञ्चालित खानेपानी योजना बोर्डमा हस्तान्तरण गर्ने क्रममा रहेको न्यौपानेले बताउनुभयो ।

बोर्डले एउटा सतही मुहान तथा ३५

...बाँकी पृष्ठ ३ मा

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक


# सम्पादकीय

## लागूऔषध नियन्त्रण

मानिसमा लत सिर्जना गरी दुर्व्यसनी तुल्याउने वस्तु वा पदार्थ लागूपदार्थ वा लागूऔषध हो । सामान्यतया शारीरिक र मानसिक स्वास्थ्य, चेतना र अनुभूतिलाई विकृत तुल्याउने पदार्थलाई लागूऔषध भनिन्छ । यस्ता लागूऔषधले मानिसको केन्द्रीय स्नायू प्रणालीमा प्रभाव पार्नुका साथै उसको भावना र सोचाईमा परिवर्तन ल्याउँदछ । कानुनद्वारा निषेधित गाँजा, चरेस, अफिम, हिरोइन, मर्फिन, कोकिन आदि अवैध लागूऔषध हुन् भने सूर्तिजन्य पदार्थ र मदिरा कानुनद्वारा नियन्त्रित लागूपदार्थ हुन् । लागूपदार्थहरुलाई प्राकृतिक र औषधीजन्य गरेर दुई भागमा विभाजन गर्ने गरिएको छ । प्राकृतिकरुपमा उम्रने वा मानिसद्वारा उत्पादित पदार्थहरु जस्तै- गाँजा, चरेस, भाङ, धतुरो, अफिम, रक्सी आदिलाई प्राकृतिक लागूपदार्थ भनिन्छ । यस्तै, मानव जीवन रक्षाका लागि बनाइएको औषधिजन्य पदार्थहरु जसलाई चिकित्सकको सल्लाहविपरित नशा लिनको लागि प्रयोग गरिने नाइट्रोसन, नाइट्रोभ्याट, प्रोक्सीभोन,, नोर्फिन, कोडिन, कोरेक्स, फेन्सीडिल, फेनकोडिन आदिलाई औषधिजन्य लागूपदार्थ भनिन्छ ।

नेपालमा लागूपदार्थको खेती, उत्पादन, ओसारपसार, बेचबिखन तथा सेवन गैरकानुनी मानिन्छ । प्रहरीले लागूऔषध ओसारपसार, बेचबिखन तथा सेवन गर्नेहरुलाई पक्राउ गरी कानुनी कारबाही गर्दै आएको छ । हेटौंडाबाट लागूऔषध ओसारपसार गर्ने व्यक्तिहरु दिनहुँ पक्राउ भइरहेको पाइन्छ । भारतीय सीमा क्षेत्रबाट भित्रिएका लागूऔषध हेटौंडा हुँदै राजधानी काठमाडौं तथा देशका अन्य भागमा लैजाने क्रममा हेटौंडाबाट पक्राउ पर्ने गरेका छन् । मकवानपुर तथा अन्य जिल्लामा उत्पादन हुने गाँजा, चरेसजस्ता लागूपदार्थ हेटौंडा हुँदै भारतीय सीमा क्षेत्रमा पुऱ्याउने क्रममा पनि पक्राउ पर्ने गरेका छन् । कानुनद्वारा निषेधित लागूऔषध कारोबार गर्ने व्यक्तिहरुलाई प्रहरीले चेकजाँचको क्रममा र विशेष सुराकीका आधारमा पक्राउ गर्दै आइरहेको छ । गाँजालगायतका खेती तथा लागूऔषधको ओसार-पसार र बेचबिखन रोकथाम तथा नियन्त्रणका लागि सम्बद्ध निकायहरु क्रियाशील रहे पनि यस समस्याको निराकरण हुन सकेको छैन ।

लागूऔषधको समस्या विश्वभर नै खतरनाक र चिन्ताजनक बनिरहेको छ । विश्वका कूल युवा जनसंख्यामध्ये ५ प्रतिशत युवा पुस्ता लागूऔषधको दुरुपयोगबाट विभिन्न समस्या पर्ने गरेका छन् । लागूऔषधका कारण युवा पुस्ता कुलतमा फस्दै जाँदा यसले राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा नकारात्मक प्रभाव पार्दछ । कलिला उमेरका बालबालिका र किशोरकिशोरीहरु समेत लागूऔषध दुर्व्यसनमा फस्दा उनीहरुको जीवन बर्बाद बन्ने गरेको छ । लागूऔषध दुर्व्यसनका कारण व्यक्ति, परिवार, समाज, देश र विश्वमै विविध नकारात्मक प्रभाव परिहेको छ । लागूऔषध नियन्त्रण नहुने हो भने यसले व्यापक समस्या निम्त्याउन सक्ने भएकाले राज्य संयन्त्र गम्भीर बन्नु आवश्यक छ । समयमै लागूऔषध नियन्त्रण गर्न विभिन्न तहका सरकार र सम्बद्ध निकायले दीर्घकालीन रणनीतिक योजना तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्नु आवश्यक भइसकेको छ ।

**लागूऔषध नियन्त्रणका लागि थुप्रै कानुनी व्यवस्था रहेको छ ।**

कानुनी व्यवस्थाको कार्यान्वयनबाट लागूऔषध कारोबारीलाई पक्राउ गरेर सजायको भागिदार बनाउन सकिने भए पनि सबै कारोबारी पक्राउ पर्ने सम्भावना रहँदैन । लागूऔषध ओसारपसारमा संलग्न व्यक्ति तथा गिरोहले अनेकौं उपाय लगाएर सुरक्षा निकायबाट बच्दै लागूऔषधको कारोबार गरिरहेका हुन्छन् । लागूऔषध नियन्त्रणका लागि कानुनी कारबाहीसँगै सचेतनामूलक कार्य पनि गर्नुपर्ने देखिएको छ । लागूऔषधसँग सम्बन्धित समस्याको दीर्घकालीन समाधानका लागि विशेष नीति तथा कार्यक्रम तर्जुमा गर्नु आवश्यक छ । सुरक्षा निकायले विभिन्न स्थानमा शंकास्पद व्यक्तिहरुको खानतलासी गरेर वा विशेष सुराकीका आधारमा लागूऔषध बरामद गर्ने र ओसारपसार, बेचविखन र सेवनमा संलग्नलाई पक्राउ गर्नुका साथै यसको गिरोह पहिचान गरेर निर्मूल पार्नु आवश्यक देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| बडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बिचारको कदर हुने समय योग रहेको छ ।
**वृष** : निर्णयात्मक काममा ध्यान केन्द्रित रहने योग छ ।
**मिथुन** : दीर्घकालिन योजनाहरु बन्ने समय योग छ ।
**कर्कट** : समय संघर्षकारक नै मान्नुपर्ने देखिन्छ ।
**सिंह** : पेशा–व्यवसायमा सोचे अनुरुप लाभ प्राप्त ।
**कन्या** : आर्थिक पक्ष र खर्चवर्चका बारेमा चिन्ता बढ्ला ।
**तुला** : शारीरिक स्वस्थता बढ्दै जाने समय योग छ ।
**वृश्चिक** : कार्यक्षेत्र र प्रशासनिक काममा दक्षता बढ्ला ।
**धनु** : अरुलाई प्रभावित पारेर काम बनाइएला ।
**मकर** : जोखिम र सत्रुबाट बच्दा राम्रो होला ।
**कुम्भ** : मायाप्रेम र रतिरागमा संलग्न भइएला ।
**मीन** : बहस र बादविवादमा संलग्न भइएला ।

# दिवास्वप्नको प्रतिविम्ब



✍ सबिता कार्की

"म खेलूँ कहाँ ?
म उफ्रूँ कहाँ ?
म गाऊँ कहाँ ?
म बोलूँ कहाँ ?

कुरा गर्छु, आमालाई झर्को लाग्छ । खेल्न थाल्छु बुबालाई झ्वाँक चल्छ ।

उफ्रन्छु त बस् भन्छन् । गाउँछु त चुप लाग् भन्छन् ।

अब तपाईं नै भन्नुहोस्, म कहाँ जाऊँ ? के गरूँ ? "

वास्तवमै माथिको भनाइ आम बालबालिकामा लुकेको जसलाई कसैले बुझ्न नसकेको पीडा हो । बालबालिका माटाकै भाँडा हुन्, यिनलाई हामी जुन आकारमा ढाल्छौं । फलस्वरूप त्यही आकारमै परिणत हुन्छन् भन्ने भाव बुझाउन खोजेका गिजुभाइले बालबालिकाको शिक्षाको निमित्त सम्पूर्ण जीवन व्यतीत गरे । उनको दिवास्वप्नले पनि हामीलाई यो निर्क्योल गराउँछ कि उनी एक शिक्षाविद् तथा विचारक हुन् । ससाना बालबालिकालाई कसरी सहजपूर्ण तरिकाले शिक्षण गराउने भन्ने विषयमा सदावहार खोज गरिरहने उनलाई बाल मनोवैज्ञानिक शिक्षाविद्‌भन्दा कतिपनि फरक नपर्ला । भारतको सौराष्ट्रको चित्तल गाउँमा जन्मेका गिजुभाइको वास्तविक नाम गिरिजाशङ्कर भगवान हो । उनलाई प्रेमपूर्ण भावले गिजुभाइ भनिएको हो । उनले विभिन्न कृतिहरू रचना गरेका छन् जसमध्ये उनको दिवास्वप्न एक उत्कृष्ट कृति हो । जसमा बालबालिकालाई कसरी सहजपूर्ण पद्धतिबाट सिकाउन सकिन्छ । उनीहरूलाई सिकाइ प्रति कसरी आकर्षित गर्न सकिन्छ भन्ने कुराहरू बुझाउन खोजिएको छ । शिक्षा घोकन्ते नभई व्यवहारिक हुनुपर्छ भन्ने कुरालाई यस पुस्तकमा जोड दिइएको पाइन्छ ।

दिवास्वप्नका प्रतिनिधि पात्र हुन्, शङ्कर सर । उनकै मुख्य भूमिकामा यस उपन्यासको समापन भएको छ । शङ्कर सर र जिल्ला शिक्षा अधिकारीसँगको संवादको परिवेशलाई अङ्गाल्दै यस उपन्यासको प्रारम्भ भएको पाइन्छ । जीवनमा पढेको र विचार गरेको कुराले मात्र पर्याप्त हुँदैन, अनुभवले नै वास्तविकता कस्तो हुँदो रहेछ भन्ने विचार बोकी शङ्कर सर प्राथमिक विद्यालयका शिक्षक बन्ने हेतुले जिल्ला शिक्षा अधिकारी कहाँ पुगेका हुन्छन् । जब उनी विद्यालयमा पुग्छन् । त्यहाँ उनले धेरै समस्याहरू देख्छन् । उनको नजरमा देखिएको पहिलो समस्या विद्यार्थीमा व्यक्तिगत सरसफाइ र अनुशासन, कक्षाकोठा व्यवस्थापन आदिआदि ".

यतिमात्र नभई सिकाइमा घोकन्तेपन जसलाई मुख्य समस्याको रूपमा देख्छन् । यी समस्यालाई निराकरण गर्न उनी विद्यार्थीको नजिक हुन्छन् ।

उनले विद्यार्थीहरू सिकाइप्रति हतोत्साही नहुन् भन्ने धारणाले सरल माध्यमबाट जटिलतर्फ लाग्ने योजना निर्माण गरेका छन् । सर्वप्रथम विद्यार्थीमा भाषाको विकास नभई अन्य कुरामा विकास गर्न असमर्थ भइन्छ भन्ने हेतुले कथाको माध्यमले विद्यार्थीलाई पठनप्रति आकर्षित गर्दै लगेका छन् । उनले विभिन्न खोज विधिको प्रयोग गरी विद्यार्थीहरूलाई व्यवहारिक पद्धतिले शिक्षा दिने काम गरेका छन् । उनले विद्यार्थीको शारीरिक, मानसिक र सिर्जनात्मक विकास गर्ने काम गरेका छन् । सिकाइका क्रममा अनेकौं चुनौतीहरुसँग जुधेर उनले हरेक क्रियाकलापमा विद्यार्थी स्वयम्‌लाई सहभागी गराएर अन्त्यमा सफलता पाएरै छाड्छन् ।

शङ्कर सर एक शिक्षकमा हुनुपर्ने असल गुणले भरिपूर्ण शिक्षक हुन् । जब म दिवास्वप्न पढ्दै थिएँ तब मैले आफूलाई शङ्करसँग तुलना गर्ने गुणहरू केके छन् त भन्दै आफूले आफूलाई केरकार गर्दै थिएँ । कतिपय कुरामा म आफूलाई उनमा पाउँथें भने कतिपय कुरामा म कतै चुकेको महसुस गर्थें । यस पुस्तक पढिरहँदा म एक शिक्षिका भएको नाताले म आफ्ना शिष्यहरूलाई स्मरण गरिरहन्थें । यस पुस्तकमा शङ्कर सरले बालबालिकाको मनोभावनालाई बुझी जुन तरिकाले शिक्षण गरेका छन् नि त्यो पक्ष वास्तवमै सबैभन्दा मन परेको पक्ष हो मेरो । उनले जुन सहज तरिकाले सिकाइ पद्धति अपनाएका छन् हो, त्यस्तै सहज पद्धतिले हरेक क्रियाकलापलाई पनि व्यवहारमा उतारेका छन् । उनको त्यो पद्धति वास्तवमै प्रशंसनीय रहेको पाइन्छ । "घोकन्ते विद्या ध्यावन्ते खेती" भन्ने हाम्रा पुर्खाहरूको यस भनाइलाई उनले बिफल बनाएका छन् । उनले भाषा जस्तो विषयवस्तुलाई पनि खेलको माध्यमले व्यवहारमा उतारी बालबालिकामा सहज तरिकाले सिकाएका छन् । जब म यो पुस्तक पढ्दै थिएँ तब ममा पनि कतै त्यही पुरातनवादी धारणाले कतै कही जरो गाडेको छ कि भन्ने आभाष महसुस गरें । वास्तवमा सिक्नु भनेकै व्यवहारमा लागु गर्नु हो । जुन सिकाइलाई हामीले व्यवहारमा लागु गर्न सक्दैनौं त्यो सिकाइ वास्तवमै निरर्थक हुन्छ । सिकाइ त्यो हो जुन जीवन उपयोगी हुन्छ । जब म कक्षाकोठामा शिक्षण गर्न जान्थे तब मैले मेरा बालबालिकालाई सिकाइप्रति अभिरूचि नै नभएको महसुस गर्थे । यतिहुँदा हुँदै पनि कोर्स नसकिएला, भन्ने डरले यस्ता कुरा वास्ता नगरी म आफ्नो सुरमा अगाडि पनि बढेको थिएँ र रिजल्ट हेरेदेखि पनि भएको अवस्थासँग म गुज्रिएको थिएँ । आज आएर महसुस भयो सायद मेरो शिक्षण पद्धति विद्यार्थी केन्द्रित नभएर शिक्षक केन्द्रित रहेछ । रोचक तथ्य यहाँ छ कि यो कुरा महसुस मैले जब गरें तब म दिवास्वप्न पढ्दै थिएँ ।

वास्तवमा हरेक बालबालिका कल्पनाशील हुन्छन्, उनीहरूमा जिज्ञासा, कौतुहलता हुन्छ । मनमा अनेक कुराहरू खेलाइरहन्छन् र खेलिरहन्छन् पनि । त्यो बालसुलभ मानसिकतामा रहेको अनेक प्रश्नहरूको उत्तर प्रेमपूर्वक दिँदै लैजाने हो भने कुनै पनि बालक परिवार, स्कूल या राज्य विरूद्ध लडाकू र विद्रोही हुँदैनन् । अझै पनि हाम्रो समाजमा धेरै जसो घर परिवारमा विद्यालयमा नै पनि नानीबाबुहरूलाई हकारेर, कुटेर, पिटेर तह लगाउन सकिन्छ भन्ने मानसिकता रहेको पाइन्छ । यस्तो मानसिकताबाट गुज्रिएको हाम्रो घर परिवार, समाजमा परिवर्तनको घाम जब सम्म झुल्किदैन तबसम्म शिक्षामा परिवर्तन अकल्पनीय हुन्छ । वास्तवमा सिकाइ त्यो हो जुन जीवन उपयोगी होस् । बालबालिकालाई दिनभर बन्द कोठामा थुनेर हकारेर सजाय गरेर अनुशासित गरेको भन्दा मित्रवत् व्यवहार गरेर छिट्टै र सजिलै सिक्न सक्छन् ।

कक्षाकोठामा अत्यन्त पुरातनवादी शिक्षणलाई चुनौती दिएर खेल विधि, कथाकथन विधि, प्रर्दशन विधि, अवलोकन विधि तथा अनेक प्रयोगात्मक विधिहरूको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने कार्य यस पुस्तकका लेखकले गरेका छन् जुन अनुसरणीय रहेको पाइन्छ । आफ्नै वरपर रहेका चिजवस्तुलाई शिक्षण समाग्री बनाई सिकाइ प्रभावकारी आकर्षित बनाउन सकिन्छ । सिकाइ परीक्षा केन्द्रित नभई व्यवहार केन्द्रित हुनुपर्छ भन्ने भाव बोकेको यो पुस्तक पढ्न अतिनै सरल पुस्तक हो । यस पुस्तकमा प्रयोग भएका भाषाशैली अत्यन्त सरल रहेको पाइन्छ ।

म एक शिक्षक भएको नाताले यस पुस्तक पढ्नाले मलाईं धेरै कुरामा आफूलाई चिन्ने र चिनाउने मार्ग पहिल्याएको छ । यस पुस्तक पढ्नाले मलाई सिकाइ विधि, कक्षाकोठा व्यवस्थापन, बालमैत्री शिक्षण, बालबालिकाको मनोभाव आदिआदि बुझ्ने र बुझाउने तरिका थाहा पाएकी छु जुन अबका मेरा शिक्षणमा लागु गर्नेछु ।

वास्तवमै शिक्षक को हो ? विद्यार्थीहरू के हुन् ? वास्तविक सिकाइ कस्तो हुनुपर्छ ? सिकाइमा परीक्षा प्रणाली नै आवश्यक छ त ? यस्ता यावत् विविध प्रश्नहरूको प्रति उत्तरको सङ्गालो हो, दिवास्वप्न ।

सबैलाई यस पुस्तक पढ्न आग्रह गर्न चाहान्छु । *हेटौंडा*

# के चाहन्छ मान्छे ?



✍ डा. ओमुर्ति अनिल

आखिर मान्छेले के चाहन्छ ? केका खातिर बाँच्छन् ? किन यत्तिका दौडधूप गर्छन् ? संभवत यसको एउटा लक्ष्य हुनसक्छ, पैसा । अर्थात मान्छे दिनरात पैसाको खोजीमा दौडन्छ । यो मान्छेको प्राथमिक आवश्यक्ता हुँदोरहेछ । जे-जसो गरेर भएपनि मान्छेले पैसा आर्जन गर्छन् । जब उसँग पैसा हुन्छ, तब अर्को आवश्यक्ता महसुष हुन थाल्छ । त्यो आवश्यक्ता हो, स्वास्थ्य ।

पैसा कमाउने चक्करमा मान्छे दिनरात यसरी घोटिएको हुन्छ कि उसले आफ्नो स्वास्थ्यको ख्याल नै राखेको हुँदैन । सुत्ने-उठ्ने, खाने-बस्ने तालिका गडबड भएको हुन्छ । योग, व्यायाम, ध्यान जस्ता विधि अपनाउने फुर्सद नै हुँदैन । आरमले खान पाउँदैनन् । मान्छेसँग पुग्दो धनदौलत त हुन्छ तर त्यसलाई भोग गर्ने शरीर भने कमजोर र शिथिल भइसकेको हुन्छ । त्यसैले मान्छेले पैसा कमाइसकेपछि बल्ल आफ्नो स्वास्थ्यप्रति हेक्का राख्न थाल्छन् ।

अनुशासित जीवनशैली, खानपानले मान्छेको स्वास्थ्य सुधार हुन्छ । स्वास्थ्य ठीक भएपछि फेरी मान्छेलाई तेस्रो आवश्यक्ता महसुष हुन थाल्छ, त्यो हो प्रतिष्ठा । मान्छेसँग धन छ, स्वास्थ्य ठीकठाक छ भने उसलाई प्रतिष्ठा, मान-सम्मानको भोक जाग्न थाल्छ ।

मान्छेलाई सामाजिक प्रतिष्ठा प्राप्त हुन्छ । के अब मान्छेले आफूलाई पूर्ण ठान्छन् ? सन्तुष्ट हुन्छन् ? पक्कै हुँदैनन् । किनभने यी सबैकुरा प्राप्त भइसकेपछि पनि मान्छेलाई चौथो आवश्यक्ता महसुष हुन्छ । त्यो आवश्यक्ता हो, आफ्नै जीवनको औचित्य ।

यो चरणमा पुगिसकेपछि मान्छेले आफैलाई बुझ्ने यत्न गर्छन् । म को हुँ ? यो रहस्य जान्न खोज्छन् । स्वयम्को उत्पति, उदेश्यबारे चासो राख्न थाल्छन् । आफ्नै जीवनको रहस्यबारे खोज, अध्ययन गरिसकेपछि मान्छे फेरी संसारतर्फ फर्कन्छ । उसले समाज, संसार र चराचर जगतको बारेमा सोच्न थाल्छ ।

आखिर मान्छे किन आफुलाई परिपूर्ण ठान्दैनन् ? किन एउटा आश्यक्ता पुरा भएपछि अर्को आवश्यक्ता देख्न थाल्छ । भनिन्छ, एउटा उचाईमा पुगेर हेर्दा अर्को क्षितिज देखिन्छ । मान्छे त्यो क्षितिजसम्म पुग्न चाहन्छ । जब त्यो क्षितिजमा पुग्छ, फेरी अर्को क्षितिज देखिन्छ । आकंक्षा र उदेश्य यसरी नै अग्लिदै र फैलिदै जाने हुन्छ । तब मान्छे एउटै कुरामा अडिएर बस्न सक्दैनन् ।

एउटा कुरा प्राप्त भएपछि फेरी अर्को कुराको चाह हुनुमा मान्छेको दोष छैन । यो त मान्छेको आफ्नो प्राकृतिक स्वभाव हो । तर, महत्वपूर्ण कुरा के छ भने एउटा चरणबाट अर्को चरणमा पुग्नका लागि ऊ पहिलो चरणमा सन्तुष्ट भएको हुनुपर्छ । यसलाई स्वभाविक र प्राकृतिक प्रक्रियाको रुपमा बुझ्न सकिन्छ ।

तर, कति मान्छे हुन्छ जो एउटै कुरामा जीवनभर मरिहत्ते गर्छन् । जस्तो कोही धनदौलत आर्जन गर्न चाहन्छन् भने बाँचुञ्जेल त्यसैको दौडधूपमा लाग्छन् । उसलाई कति धन भएपछि पुग्छ ? थाहा छैन । कति बैंक मौज्जात भएपछि पुग्छ ? थाहा छैन । कति घर-गाडी भएपछि पुग्छ ? थाहा छैन । उनीहरु आफ्नो जीवनको सम्पूर्ण उदेश्य नै पैसा कमाउने हो भनेर बुझ्छन् । यो असामान्य हो ।

त्यस्तै कोही स्वास्थ्यका लागि मात्र चासो दिइरहेका हुन्छन् । कस्तो खाने, के गर्ने, के नगर्ने आदिबारे सोचिरहन्छन् । त्यसभन्दा दायाँबायाँ केही सोच्दैनन् । स्वास्थ्यप्रति सजग हुनु राम्रो हो । तर, यो नै सबैथोक हो भनेर यसैमा मात्र तल्लिन हुनु राम्रो होइन । कति मान्छे भने मानप्रतिष्ठाको अधिक भोको हुन्छ र उसले जे-जसरी पनि त्यसैको प्राप्तिमा मात्र लागिर हन्छन् । जीवनमा मान, प्रतिष्ठा नै सबैथोक हो भनेर हत्ते गर्छन् । यो पनि असामान्य हो ।

एउटा चरणमा पुगेपछि मान्छे अर्को चरणमा उक्लन्छ, जसलाई प्राकृतिक मानिन्छ । यसको महत्वपूर्ण पक्ष के हो भने, मान्छे जति तह माथि उक्लदै जान्छ त्यती-त्यती जीवनको नजिक पुग्छ । जीवनको सारतत्व खोज्न, जीवनको बोध हुनथाल्छ । जीवन, जगत र प्राणीको अस्तित्वलाई महसुष गर्न थाल्छ ।

मान्छेले जब आफैलाई चिन्न सक्छ, तब उसले अरुलाई बुझ्न सक्छ । अरुको भावना, दुःख, सुख सबै बुझ्न सक्छ । जीवनको यो एउटा सर्वोत्तम चरण हो । किनभने यही चरणमा पुगेपछि मान्छे डर, भय, मोह, लोभ, आशक्ति, घृणाजस्तो विकारबाट मुक्त हुन्छन् । आफ्नो जीवनको मूल स्रोत पहिल्याउँछ र स्थायी आनन्द प्राप्त गर्छ । आफुलाई बुझ्छन्, जगतलाई बुझ्छन् । सार्थक जीवन बाँच्छन् ।

तर, दुःखको कुरा के छ भने अधिकांश मान्छे यो तहसम्म उक्लिन सक्दैनन् । उनीहरु कहिले धनको खोजीमा त कहिले प्रतिष्ठाको खोजीमा भौतारिन्छन् । अनि आफ्नै जीवनलाई बुझ्न नपाई यो लोकबाट विदा हुन्छन् । एउटा अहंम प्रश्न, के मान्छे धन, स्वास्थ जीवन र मान-प्रतिष्ठा आर्जन गरेपछि मात्र अर्को चरणमा उक्लिन्छन् । अर्थात यी सबैकुरा पुगिसरी भएपछि मात्र मान्छे आत्मिक चिन्तनमा लाग्छन् ? कतिपयलाई आफ्नो दैनिकी गुजार्न पुग्ने धन पनि हुँदैन । कतिपय रोगी शरीर लिएर बाँचिरहेका हुन्छन् । कतिपयले मान-प्रतिष्ठा पाएकै हुँदैनन् । के यही स्थितीमा रहेर उनीहरु आत्मिक चिन्तनमा लाग्छन् ? जीवन र जगतको खोजमा लाग्छन् ?

संभवत कुनैपनि प्राप्तिले मात्र मान्छे अघाउँदैन । चाहे धन होस् वा प्रतिष्ठा । यी असीमित छन् र यसको कुनै अन्तिम विन्दु छैन । त्यसैले यस्ता आवश्यक्ता पुरा भएपछि मात्र मान्छे जीवनको सार्थकता पहिल्याउनतर्फ लाग्छ भन्ने हुँदैन सायद । किनभने प्राप्तिमा भन्दा त्यागमा मान्छेले जीवन सार भेट्न सक्छ । कुनैपनि स्तर वा चरणमा मान्छेले आफ्नो अस्तित्व बोध गर्न सक्छन् । चराचर जगतलाई बुझ्न सक्छन् । जीवनको सार भेट्न सक्छन् ।

*(स्रोतः अनलाईनखबर)*

# यु-१९ को अन्तिम छनोटमा मकवानपुरका २ गोलरक्षक

समाज संवाददाता

हेटौंडाः साफ च्याम्पियन यु-१९ फुटबल प्रतियोगिताको अन्तिम चरणमा मकवानपुरका दुई जना गोलरक्षक छनोट भएका छन् । मकवानपुरका गोलरक्षक शेख असत र कृषल मोक्तान छनोट हुनुभएको हो ।

बिहीबार नेपालभरबाट छनोट प्रतिस्पर्धामा सहभागी हुन आएका ५ सय ४५ जना खेलाडीहरुसँग मकवानपुर जिल्लाका आठ जना खेलाडीहरुले प्रतिस्पर्धा गरेका थिए । त्यसमध्ये मकवानपुरका २ जना गोलरक्षक अन्तिम चरणमा छनोट हुन सफल भएका छन् ।

अन्तिम चरणमा छनोट हुन सफल भएका ७२ जना खेलाडीहरुबीच प्रतिस्पर्धा गराई अन्तिम उत्कृष्ट ४० जना खेलाडी छनोट गरिने मकवानपुर जिल्ला फुटबल संघका महासचिव छवि सुवेदीले जानकारी दिनुभयो । यु १९ मा छनोट हुने खेलाडीहरुलाई बन्द प्रशिक्षणमा राखि आवश्यक तालिम दिइनेछ ।

विहीबार भएको छनोट प्रक्रियामा नेपालभरबाट ५ सय ४५ जना खेलाडीहरुबीच प्रतिस्पर्धा भएको थियो । जसमा मकवानपुरका ६ जना खेलाडीहरु बाहिरिएका छन् भने मकवानपुर जिल्लाबाट २ जना खेलाडी छनोट भएको महासचिव सुवेदीले जानकारी दिनुभयो । काठमाडौंको दशरथ रंगशालामा आगामी असोज ४ गतेदेखि १३ गतेसम्म साफ च्याम्पियनसीप यु-१९ प्रतियोगिता हुनेछ । यसअघि एडिभिजन क्लब मकवानपुरबाट विशेष बानियाँ र सन्तोष गोङ्बा चयन भएका थिए भने त्रिभुवन आर्मी क्लबबाट भुवन कामी राष्ट्रिय टिमको प्रारम्भिक सूचीमा परेका थिए ।

# नायब सुब्बाको परीक्षामा १९७० जना उपस्थित

समाज संवाददाता

हेटौंडाः संघीय लोकसेवा आयोगको हेटौंडास्थित कार्यालयले हेटौंडामा लिएको नायब सुब्बाको परीक्षामा एक हजार ९ सय ७० जना उपस्थित भएका छन् । परीक्षामा सहभागी हुन आवेदन दिनेको संख्या भने २ हजार ५ सय ८४ जना रहेको थियो । जसमा ६ सय १४ जना परीक्षार्थी अनुपस्थित भएका छन् ।

मकवानपुर जिल्लाको हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा-१ चाइनाक्वाटरस्थित अमर माध्यमिक विद्यालय, हेटौंडा-२ स्थित सिद्वार्थ माध्यमिक विद्यालयलाई परीक्षा केन्द्र तोकिएको थियो । यस्तै हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालय, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय, श्रमिक माध्यमिक विद्यालयलाई परीक्षा केन्द्र तोकिएको थियो । ती ६ वटा क्याम्पस तथा विद्यालयहरुमा तोकिएको १३ वटा परीक्षा केन्द्रमा परीक्षा भएको हो । जसमा श्रमिक माविबाट एक सय ४८, आधुनिक राष्ट्रिय मावि क बाट एक सय ६३, आधुनिक राष्ट्रिय मावि ख बाट एक सय ६०, आधुनिक राष्ट्रिय मावि ग बाट एक सय ६४ जनाले परीक्षा दिएका छन् ।

भूटनदेवी मावि क बाट एक सय ६३, भूटनदेवी मावि ख बाट एक सय ६१ जना र अमर माविबाट एक सय ५५ जनाले परीक्षा दिएका छन् । यस्तै सिद्वार्थ मावि क बाट एक सय ३८, सिद्वार्थ मावि ख बाट एक सय ६३, मकवानपुर बहुमुखी क्याम्पस क बाट एक सय ६०, मकवानपुर बहुमुखी क्याम्पस ख बाट एक सय ४३, मकवानपुर बहुमुखी क्याम्पस ग बाट एक सय ३९ र मकवानपुर बहमुखी क्याम्पस घ बाट एक सय १३ जनाले परीक्षा दिएका छन् ।

मकवानपुर बहमुखी क्याम्पस परीक्षा केन्द्र घ बाहेक अन्य परीक्षा केन्द्रमा २ सय परीक्षार्थीको दरले परीक्षा केन्द्र तोकिएको थियो । तर सबै परीक्षार्थी उपस्थित नभएको संघीय लोकसेवा आयोग हेटौंडा कार्यालयका सुचना अधिकारी बद्रीनाथ सापकोटाले जानकारी दिनुभयो । पुरानो प्रवेश पत्र भएका परीक्षार्थी पनि ९ जना परीक्षामा सहभागी भएको बताउनुभयो । जसले गर्दा परीक्षा आवेदन फारम भर्ने विद्यार्थीको संख्या बढी देखिएको उहाँको भनाई छ ।

# बाल समूहको आयोजना दौड प्रतियोगिता

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित पारिजातपथ टोल विकास संस्था र ओमशान्ति टोल विकास संस्थाको संयुक्त बाल समूह नवसिर्जना बाल समुहको आयोजनामा शनिबार बिहान दौड प्रतियोगिता भएको छ । बालमैत्री पालिका घोषणा कार्यक्रम अन्तर्गत गठित समूहले शनिबार दौड प्रतियोगिता आयोजना गरेको पारिजातपथ टोल विकास संस्थाकी अध्यक्ष सिर्जना पौडेलले जानकारी दिनुभयो ।

शनिबार बिहान हुप्रचौरमा भएको १ सय मिटर दौड प्रतियोगिताअन्तर्गत ९ वर्ष उमेर समुहमा सुविन श्रेष्ठ प्रथम, स्यारोन अधिकारी द्वितीय र सुजिन लामा तृतीय भएका छन् । ९ वर्ष उमेर समुहमा १० जनाले सहभागिता जनाएका थिए । यस्तै ९ वर्षभन्दा माथि छात्रामा कृष्मा भ्लोन प्रथम, एलिसा भट्टराई द्वितीय र कृतिका ढकाल तृतीय भएका छन् । उक्त उमेर समुहमा पनि १० जनाले सहभागिता जनाएका थिए । यस्तै छात्रतर्फ १० वर्षदेखि १५ वर्ष उमेर समुहमा सक्षम श्रेष्ठ प्रथम, सुसन लामा द्वितीय र एन्जल भट्टराई तृतीय भएका छ । यस उमेर समूहमा ९ जनाले सहभागिता जनाएका थिए । यस्तै १५ वर्ष भन्दा माथि उमेर समुहमा निश्चिल लामा प्रथम भए ।

प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुलाई भदौ १२ हुने पारिजात पथ टोल विकास समितिको १५ औं साधारणसभाको अवसरमा पुरस्कृत गरिने अध्यक्ष पौडेलले बताउनुभयो । बाल समुहले मासिक रुपमा बैठक बसेर विभिन्न कार्यक्रम गर्दै आएको छ । समुहले गत महिनाको शनिबार वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको थियो । २५ सदस्यीय कार्यसमिति रहेको क्लबमा अहिले ५० जनाभन्दा बढी बालबालिकाहरु सक्रिय छन् । नवसिर्जना बाल समुहकी अध्यक्ष समृद्धि सुवेदीको सभाध्यक्ष तथा ४ नम्बर वडाकी बाल सहजकर्ता अनिशा अधिकारीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा क्लबकी संरक्षक माया लामाको पनि सहभागिता रहेको थियो ।

# तामाङ प्रसारण दिवसमा सिन्तान सम्मानित



दुदुमाया सिन्तानलाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौंडाः तामाङ पत्रकार संघ मकवानपुरले शुक्रबार तामाङ प्रसारण दिवस मनाएको छ । शुभकामना आदानप्रदान तथा सम्मान कार्यक्रमको आयोजना गर्दै बागमती प्रदेशको राजधानी हेटौंडामा २९ औं तामाङ प्रसारण दिवस मनाएको हो ।

दिवसको अवसरमा रेडियोकर्मी दुदुमाया सिन्तानलाई तामाङ पत्रकारिता–२०८० बाट ५ हजार रुपैयाँ राशिसहित सम्मान गरिएको छ । सिन्तान हेटौंडास्थित रेडियो मकवानपुरमा कार्यरत हुनुहुन्छ । तामाङ पत्रकार संघ मकवानपुरका अध्यक्ष जयराम मोक्तानको सभाध्यक्ष तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै जिसस प्रमुख घलानले कला, संस्कृतिको संरक्षण सम्वर्द्धनका लागि तामाङ प्रसारण दिवसले सहयोग पुऱ्याएको बताउनुभयो । यस्तै तामाङ पत्रकारहको हकहितका लागि सहयोग गर्ने प्रतिवद्धता पनि उहाँले व्यक्त गर्नुभएको छ । राक्सिराङ गाउँपालिकाका उपाध्यक्ष वनस्तम थिङ, हेटौंडा-१५ का वडाध्यक्ष सुनिल मोक्तान, हेटौंडा-१३ का वडाअध्यक्ष पेम्बा लामा, आदिवासी जनजाति महासंघ मकवानपुरका अध्यक्ष जङ्गबहादुर गुरुङ, नेपाल तामाङ घेदुङ संघीय सदस्य मेम्बर लो, सुवास सिन्तान, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, नेपाल तामाङ घेदुङ बागमती प्रदेशका अध्यक्ष लिलाबहादुर घलान, नेपाल तामाङ घेदुङ मकवानपुरका अध्यक्ष कालु घलान, सचिव किरणमान बल, तामाङ कलाकार संघका अध्यक्ष धिरेन लामा, आदिवासी जनजाति पत्रकार महासंघ मकवानपुरका अध्यक्ष अशोकसुजन श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

# गजल मञ्चको २०५ औं गजल यात्रा

समाज संवाददाता

हेटौंडाः गजल मञ्च मकवानपुरको २०५ औं गजल यात्रा शनिबार भएको छ । यात्रामा २ दर्जन गजलकारले गजल वाचन गरे । माया प्रेमदेखि समाजका विकृति विसंगति र राजनीतिक असङ्गतिहरु विरुद्ध गजलकारहरुले गजल वाचन गर्नुभएको छ ।

गजल विधाको उन्नयन र प्रवर्द्धनमा काम गर्दै आएको गजल मञ्च मकवानपुरले हरेक महिनाको पहिलो शनिबार नियमित गजल यात्राको आयोजना गर्दै आएको छ । मञ्चले पछिल्लो समय विद्यालयहरुमा पुगी गजल प्रशिक्षणको कार्यक्रम गरी नवसर्जक केन्द्रित शृङ्खलाहरुसमेत सञ्चालन गरिरहेको छ ।

गजल मञ्च मकवानपुरका अध्यक्ष केशव समर्पणको सभाध्यक्ष तथा साहित्यकार, महाकाव्यकार डा. नवराज लम्सालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा वरिष्ठ साहित्यकार तुलसी घिमिरे, सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, साहित्यकार ओम रिजाल, मञ्चका पूर्वअध्यक्ष दीपक गौतम, वातावरणविद् श्रवण शर्मा, साहित्य सङ्गम मकवानपुरकी अध्यक्ष अनिता न्यौपानेको पनि उपस्थिति रहेको थियो ।

कार्यक्रममा मञ्चका पूर्व अध्यक्ष यश लामा, निवर्तमान अध्यक्ष देवराज तिवारी, सल्लाहकार पुरुषोत्तम आचार्य, गजलकारहरु विष्णु गौतम, सानू खनाल, ऋषि केबि, विशाल अधिकारी 'आशुतोष', रजनी पौडेल, सुवास सजल, सुनिल गौतम, अनिल कोइराला, प्रेरक गौतमले गजल वाचन गर्नुभयो ।

# प्रहरीद्वारा युरिया मल नियन्त्रण

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले हेटौंडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट २७ बोरा युरिया मल नियन्त्रणमा लिएको छ ।

शुक्रबार बिहान ६ बजेदेखि दिउँसो १ बजेर ५५ मिनेट समयमा उक्त चेकपोष्टमा यात्रुवाहक बसहरुलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा विभिन्न बसहरुको पछाडीको डिक्कीमा लुकाएर ल्याएको २७ बोरा युरिया मल वेवारिसे अवस्थामा फेला पारी नियन्त्रणमा लिएको हो । प्रहरीले अनुसान्धनका लागि उक्त मल जिल्ला प्रहरी कार्यालय मकवानपुरमा ल्याई राखेको छ । बसलाई भने गन्तव्यतर्फ पठाइएको जनाएको छ ।

# भीमफेदीमा वेवारिसे शव फेला

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिकामा एक वेवारिसे शव फेला परेको छ । शुक्रबार साँझ ६ बजेर ३० मिनेटको समयमा भीमफेदी-८, बागमती खोलाको किनारमा अन्दाजी ३० वर्षीय एक महिलाको शव फेला परेको हो ।

शव भेटिएको भन्ने खबर प्रहरीलाई प्राप्त हुनसाथ घटनास्थलमा अनुसन्धान तथा मुचुल्कासहितको टोली खटिएको थियो । शवलाई पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा राखिएको छ । यसअघि पनि दुई वटा शव बरामद भएको थियो । ती शव पनि सनाखत हुन सकेको छैन ।

# स्व. प्रदीप गिरीको अस्तु पावन यात्रा हेटौंडामा

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेसका नेता तथा समाजवादी चिन्तक स्वर्गीय प्रदीप गिरीको अस्तु पावन यात्रा हेटौंडा आइपुगेको छ । काठमाडौंबाट सुरु भएको गिरीको अस्तु भदौ ५ गते भारतको तीर्थस्थल वनारसमा विर्सजन गर्ने कार्यक्रम रहेको छ । सोही क्रममा प्रतिनिधि मण्डलसहितको टोली शनिबार साँझ हेटौंडा-२ स्थित नेपाली कांग्रेस मकवानपुरको पार्टी कार्यालयमा आइपुगेको हो ।

कांग्रेस मकवानपुर सभापति बुद्ध लामाको सभाध्यक्षतामा भएको श्रद्धाञ्जली सभामा स्वर्गीय नेताले नेपाली समाज र राजनीतिमा पुऱ्याएको योगदानको कांग्रेस केन्द्रीय सदस्य गुरु बराल, काँग्रेस मकवानपुरका पूर्वसभापति रामचन्द्र अर्याल 'माइकल', प्रतिनिधि मण्डल सदस्य रामपल्टन साहले चर्चा गर्नुभएको थियो । गिरीलाई बहुमुखी प्रतिभाशाली, बौद्धिक व्यक्तित्व, चिन्तक तथा प्रखर र प्रभावशाली वक्ताका रुप चिनिथ्यो ।

आफ्नै पार्टीका शक्तिशाली नेताहरूसँग पनि निर्भिकता साथ कुरा राख्न सक्ने नेताको रुपमा उहाँको चर्चा नेपाली राजनीतिमा हुने गरेको छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हेटौंडा अस्पताल
बागमती प्रदेश, हेटौंडा
अस्पतालमा स्वास्थ्य सेवा लिन आउनु हुने महानुभावलाई स्वागत छ ।

हेटौंडा अस्पतालमा पाउने सेवा सुविधा

सेवाहरू

| | |
|---|---|
| हाडजोर्नी विशेषज्ञ सेवा | : शल्यक्रिया सेवा |
| बालरोग सेवा | : फिजियोथेरापी |
| प्रसुति सेवा | : न्यूरो सेवा |
| दन्त सेवा | : आयुर्वेद सेवा |
| फिजिसियन सेवा | : क्याविन सेवा |
| नाक, कान, घाँटी सेवा | : छाला रोग सेवा |



विशेष सेवा

| | |
|---|---|
| ICU, HDU | : ART सेवा |
| Dialysis | : OT/Post/OP |
| General Lab (PCR) | : सर्जिकल वार्ड सेवा |
| Endoscopy | : मेडिकल वार्ड सेवा |
| USG | : सामाजिक सेवा ईकाई |
| CT SCAN | : OCMC सेवा |
| ECG | : जेरायट्रिक वार्ड सेवा |

MRI शिघ्र रुपमा सुचारु हुँदै
NICU/PICU शिघ्र रुपमा सुचारु हुँदै
टिकट खुल्ने समय : बिहान ७ बजे देखि ११ बजे सम्म
बिरामी पुर्जा काट्ने समय : बिहान ७ बजे देखि ११ बजे सम्म
Emergency काउन्टर २४ सै घण्टा
फार्मेसी सेवा २४ सै घण्टा
Online टिकट सेवा
Emergency सेवा
ओ.पि.डी खुल्ने समय
बिहान १० बजे देखि ३ बजे सम्म
शुक्रबार १० बजे देखि १ बजे सम्म
खाजा/खाना खाने समय १ बजे देखि २ बजे सम्म
OT Day (अप्रेसन हुने बार)
हाडजोर्नी : आइतबार र बुधबार (OPD बन्द हुने छ ।)
शल्यक्रिया : सोमबार र बिहीबार (OPD बन्द हुने छ ।)
प्रसुति : मंगलबार र शुक्रबार (OPD सबै बार खुल्ला हुने छ ।)
नाक, कान, घाँटी : आइतबार र बुधबार (OPD बन्द हुने छ ।)

Administrative Department
खुल्ने समय आइतबारदेखि बिहीबार बिहान १० बजेदेखि ५ बजेसम्म
शुक्रबार बिहान १० बजेदेखि ३ बजेसम्म
सम्पर्क: ०५७-५२३७९८, ५२०३०५

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ

# ३९ जनाले रक्तदान गरे




रक्तदान गर्दै रक्तदाता ।

समाज संवाददाता

हेटौंडा: हेटौंडा-७, नागस्वतीस्थित नेपाल रेडक्रस सोसाइटी नागस्वती उपशाखाको आयोजनामा शनिबार भएको रक्तदान कार्यक्रममा ३९ जनाले रक्तदान गरेका छन् । उपशाखाका सभापति हरिगोपाल सापकोटाको अध्यक्षता तथा वडा अध्यक्ष दामोदर गौतमको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रमको उद्घाटन गरिएको थियो । कार्यक्रममा निवर्तमान वडाअध्यक्ष राजन थापाको पनि उपस्थिति रहेको थियो ।

रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । लगातार कार्यक्रम भइरहेकाले रगतको मागअनुसार सहजरुपमा वितरण भइरहेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभएको छ ।

भदौ ९ गते अटो मोवाइल एसोसिएसनले रक्तदान कार्यक्रमको आयोजना गरेको छ ।

# ८ जनामा डेङ्गु पुष्टि

समाज संवाददाता

हेटौंडा: २४ घण्टाको अवधिमा मकवानपुर जिल्लामा ८ जनामा डेङ्गु संक्रमण पुष्टि भएको छ। जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले शुक्रबार दिउँसो सार्वजनिक गरेको विवरणअनुसार डेङ्गु संक्रमित ८ जना मध्ये ४ जना हेटौंडा उपमहानगरपालिकाभित्रका बासिन्दा रहेका छन् भने २ जना मनहरी गाउँपालिका र २ जना भीमफेदी गाउँपालिकाका रहेका छन् ।

मकवानपुरमा साउन महिनामा १ सय ७० जनामा डेङ्गु संक्रमण पुष्टि भएको छ। डेङ्गु संक्रमण पुष्टि भएकामध्ये १ सय १९ जना हेटौंडा उपमहानगरपालिकाभित्रका छन् । हेटौंडा उपमहानगरपालिकाभित्र साउन महिनामा ५७ जना पुरुष र ६२ जना महिलामा डेङ्गु देखिएको छ । यस्तै, हेटौंडा अस्पतालमा शुक्रबार ४७ जनाले डेङ्गु जाँच गराएका छन् । जाँच गराएका ४७ जनामध्ये ३ जनामा डेङ्गु देखिएको छ । २ महिला र १ पुरुमा डेङ्गु देखिएको हेटौंडा अस्पतालका प्रयोगशाला प्राविधिक राजकुमार शर्माले जानकारी दिनुभयो ।

# बानियाँलाई सन्ध्या सम्मान

समाज संवाददाता

**हेटौंडा: साहित्य संगम मकवानपुरले शनिबार ३४ औं सन्ध्या दिवसको अवसरमा सन्ध्या सम्मान तथा रचना वाचन कार्यक्रम आयोजना गरेको छ । संगमको सभाहलमा आयोजना गरिएको कार्यक्रममा सन्ध्या सम्मानबाट स्वस्तिका बानियाँलाई सम्मानित गरिएको हो ।**

**उहाँलाई संगमको वर्षभरको कार्यक्रममा सबैभन्दा नियमित उपस्थिति जनाएको भन्दै सम्मानित गरिएको साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपानेले जानकारी दिनुभयो । संगमकी अध्यक्ष न्यौपानेको सभाध्यक्ष तथा वरिष्ठ साहित्यकार आरसी रिजालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।**

**सन्ध्यामा कविता, गजल, मुक्तकलगायत रचनाहरु वाचन गरिएको छ । कार्यक्रममा साहित्यकार तुल्सी घिमिरे, निमेष निखिल, मुक्तिगोविन्द वैद्य, सुवास खनाल, सुदर्शन अधिकारी, केशव समपर्णलगायतको उपस्थिति थियो ।**

# विद्यार्थीको हस्तलिखित पुस्तक विमोचन

समाज संवाददाता

हेटौंडा: हेटौंडा-१६ हटियास्थित जनप्रिय माध्यमिक विद्यालयका विद्यार्थीको हस्तलिखित पुस्तक विमोचन गरिएको छ। विद्यालयको आयोजना तथा जनप्रिय बालक्लबको संयोजनमा गरिएको सहक्रियाकलापका प्रशिक्षणपश्चात शुक्रबार पुस्तक विमोचन गरिएको हो । २८ विद्यार्थीको हस्तलिखित पुस्तक विमोचन गरिएको बताएको छ ।

पुस्तक विमोचनपश्चात विद्यार्थीले आफ्ना पुस्तकका १/१ रचना वाचन गरेका थिए । विद्यार्थीले गरिएको रचना वाचनप्रति अभिभावकहरु समेत उत्साहित छन् । नवसर्जक साहित्य चौतारी नेपालका संरक्षक तथा कविता प्रशिक्षक दीपक गौतमले ती विद्यार्थीलाई नवसर्जक समूहमा राख्ने बताउनुभयो । आफूले ती विद्यार्थीलाई कविता सिकाउन चाहेको उहाँको भनाई छ । विद्यार्थीमा रहेका अन्तर्निहित लेखन सीपलाई उजागर गर्न सहकार्य गरिने बताउनुभयो ।

विद्यार्थी सिर्जित रचना छनौट गरी वाचन शैली र पुस्तक आकारमा ल्याउन प्रशिक्षक सुनिल गौतम, रविन श्रेष्ठ, नीर बहादुर खड्का, संप्रस पौडेल, अनिता तिमल्सिनाले भूमिका निर्वाह गर्नुभयो । यस्तै उद्घोषण प्रशिक्षक रुपक कालिराजले उद्घोषणपश्चात् विद्यार्थीमा बोल्ने शैलीको विकास आएको बताउनुभयो । २ वटा नृत्यबारे नृत्य प्रशिक्षक अमर गुरूङ र सुस्मा दंगालले समुह निर्माण गरी नृत्य सिकाउनुभयो ।

अतिरिक्त तथा साँस्कृतिक क्रियाकलाप संयोजक युक्तलाल विश्वकर्मा तथा शिक्षक घनश्याम ढकालले योगका विभिन्न आसनबारे प्रशिक्षण गराउनुभयो । हेटौंडा-४ स्थित नवोदय शिशु सदनका चित्रकला प्रशिक्षक मनिस योन्जनले पुस्तकको गातामा राखिने बिम्बात्मक चित्र, अक्षर लेखन शैली तथा रङको मिश्रणबारे प्रशिक्षण गराउनुभयो । साहित्यकार छवि अनित्यले वादविवाद तथा वक्तृत्वकला, गजलकार तथा मुक्तककार विश्वनाथ सञ्जेलले गजल र मुक्तक लेखनसम्बन्धी प्रशिक्षण गराउनुभयो ।

गत साउन २१ देखि ३२ गतेसम्म विभिन्न सह-क्रियाकलाप आयोजना गरिएको छ । १४० विद्यार्थीका लागि नृत्य, योग, कविता लेखन, गजल/मुक्तक लेखन, उद्घोषण/औपचारिक कार्यक्रम सञ्चालन, खेलकुद, वादविवाद/ वक्तृत्वकलाबारे सहक्रियाकलाप आयोजना गरिएको हो । बालक्लबकी अध्यक्ष सृष्टि अधिकारीको सभाध्याक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमेशप्रसाद खतिवडाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

# प्राधिकरणको ३८ औँ वार्षिकोत्सव

समाज संवाददाता

हेटौंडा: नेपाल विद्युत प्राधिकरणको ३८ औं वार्षिकोत्सवको अवसरमा हेटौंडास्थित बागमती प्रदेश कार्यालयले सप्ताहव्यापी कार्यक्रम गरी मनाएको छ। नेपाल विद्युत प्राधिकरणको वार्षिकोत्सव समारोह प्रदेश डिभिजन कार्यालयका प्रमुख दिपेन्द्र राज द्विवेदीको सभाध्यक्षतामा भएको थियो । कार्यक्रममा हेटौंडा ग्रीड महाशाखाका प्रमुख अशोक कुमार पण्डित, प्रदेश डिभिजन कार्यालयका उपप्रबन्धक बिनोद कुमार यादव र हेटौंडा वितरण केन्द्र प्रमुख नरेन्द्रवीर श्रेष्ठको आतिथ्य रहेको हो ।

सप्ताहव्यापी क्रियाकलाप विजेतालाई पुरस्कार विवरण गरिएको थियो । प्राधिकरणले १५ गते वृक्षरोपण, १६ गतेदेखि १८ गतेसम्म ब्याडमिन्टन प्रतियोगिता, २५ गतेदेखि २६ गतेसम्म वृद्धिचाल प्रतियोगिता, २७ गते रक्तदान कार्यक्रम, ३१ गते डोरितान प्रतियोगिता र ३२ गते सरसफाइ कार्यक्रम गरेको थियो ।

सप्ताहव्यापी कार्यक्रमको समापन तथा वार्षिकोत्सवको अवसरमा शुक्रबार म्युजिकल चेयर, चम्चा दौड र घैंटो फुटाउने खेलको आयोजना गरेको थियो । अतिरिक्त क्रियाकलापमा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीलाई सिल्ड, मेडल तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

# मोक्तान राष्ट्रिय टिमको प्रारम्भिक सूचिमा

समाज संवाददाता

हेटौंडा: १९ वर्ष उमेर समूहको राष्ट्रिय टिम निर्माणका लागि अखिल नेपाल फुटबल संघ (एन्फा) ले ३५ सदस्यीय प्रारम्भिक टोली घोषणा गरेको छ। एन्फाले शुक्रबार घोषणा गरेको ३५ सदस्यीय टोलीमा मकवानपुरका क्रिसल मोक्तान पनि अटाएका छन् । गोलरक्षक मोक्तान १७ वर्ष उमेर समूहमा पनि सहभागी खेलाडी हो ।

मोक्तानले हिमालयन शेर्पा क्लबबाट ए डिभिजन लिग फुटबल खेलिरहेका छन् । मोक्तान क्लबमार्फत नै छनोटमा सहभागी भएका थिए । मकवानपुर जिल्लाबाट प्रदेशस्तरीय छनोट पार गर्दै १२ जना राष्ट्रियस्तरको छनोटमा सहभागी भएका थिए । यसअघि १ वर्ष उमेर समूहमा पनि मकवानपुरका ३ जना खेलाडी राष्ट्रिय टोलीको प्रारम्भिक सूचिमा समावेश भएका छन् । उनीहरु पनि ए डिभिजन क्लबमार्फत नै छनोटमा सहभागी भएका थिए ।

# नेविसंघ क्याम्पस इकाईको बैठक सम्पन्न

समाज संवाददाता

**हेटौंडा: नेपाल विद्यार्थी संघ मकवानपुर बहुमुखी क्याम्पस इकाई कार्यसमितिको पहिलो बैठक बसेको छ । शनिबार महत्वपूर्ण प्रस्तावमाथि छलफल गर्दै इकाईको बैठक बसेको हो ।**

**बैठकले ४ वटा महत्वपूर्ण प्रस्तावमा छलफल गरेको नेविसंघ मकवानपुर बहुमुखी क्याम्पस इकाई समिति संयोजक भुवन घलानले जानकारी दिनुभयो। बैठकले सल्लाहकारमा राकेश महर्जन, सह-सचिवमा प्रवेश प्याकुरेल र सदस्यमा गजेन्द्र पाखिन र आतिश यादवलाई मनोनित गर्ने निर्णय गरेको संयोजक घलाने बताउनुभयो ।**

**नेविसंघ मकवानपुर जिल्ला सचिव सुनिल बोम्जनको प्रमुख आतिथ्य रहेको बैठकमा नेविसंघ जिल्ला सदस्यद्वय बुद्धराज सिन्तान र नवराज मुक्तानलगायतको उपस्थिति थियो। नेविसंघ मकवानपुर बहुमुखी क्याम्पस इकाई समिति वरिष्ठ उपाध्यक्ष बिनोद थिङ (दीपक)को अध्यक्षतामा बैठक सम्पन्न भएको हो ।**

# आकर्षण व्युटीपार्लरको वार्षिकोत्सव

समाज संवाददाता

हेटौंडा: हेटौंडा-४, शितलमहलचोकमा दरबार मार्ट शनिबारबाट सञ्चालनमा आएको छ । बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मोक्तानले मार्टको उद्घाटन गर्नुभएको हो ।

सञ्चालक सुरज थिङका अनुसार ५० लाख लगानीमा मार्ट सञ्चालन गरिएको हो। फलफुल र गेडागुडी लगायत स्थानीय वस्तुलाई प्राथामिकता दिने योजनाले मार्ट सञ्चालनमा ल्याइएको थिङले बताउनुभयो। उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको पनि उपस्थिति रहेको थियो । दरबार मार्टका सञ्चालक सुरज थिङले हेटौंडाको पदमपोखरी क्षेत्रमा ड्रागन फ्रुट, मेवा, खरबुजा लगायतका फलफुलको व्यावसायिक खेती समे गर्दै आएका छन् ।

# दरबार मार्ट सञ्चालनमा आयो

समाज संवाददाता

हेटौंडा: हेटौंडा-४, रिजाल प्लाजास्थित आकर्षण व्युटीपार्लर एण्ड ट्रेनिङ सेन्टरले १९ औं वार्षिकोत्सव मनाएको छ । शनिबार हेटौंडामा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा वार्षिकोत्सव समारोह भएको हो। आकर्षण व्युटीपर्लारकी संस्थापक सञ्चालक अस्मिता श्रेष्ठको सभाध्यक्षमा सम्पन्न कार्यक्रममा ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देल, हेटौंडा स्कुल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरन बहादुर जोशीको पनि आतिथ्य रहेको थियो ।

## दैनिक २ करोड...

**वटा भूमिगत स्रोतबाट हेटौंडा उपमहानगर पालिका क्षेत्रमा खानेपानी संकलन गरी वितरण गरिरहेको छ । उपमहानगर पालिकाको वडा नम्बर २, ४, ५, ६, ७, ८, ९, १० को सबै क्षेत्रमा बार्डले खानेपानी वितरण गरिरहेको छ। यस्तै, वडा नम्बर १, ३, १४, १५, १६, १७, १८ र १९ को आंशिक क्षेत्रमा खानेपानी वितरण गरिरहेको सूचना अधिकृत न्यौपानेले जानकारी दिनुभयो । बोर्डले हेटौंडा उपमहानगरपालिकाको १९ वटा वडामध्ये १६ वटा वडामा बसोबास गर्ने करिब १ लाख ६० हजार बासिन्दालाई नियमित खानेपानी उपलब्ध गराउँदै आइरहेको उहाँले बताउनुभयो।**

**नगरबासीलाई स्वच्छ र सर्वसुलभ किसिमबाट गुणस्तरीयरुपमा एउटै शुल्कमा खानेपानी उपलब्ध गराउने उद्देश्य बोर्डको छ। हेटौंडा उपमहानगरपालिकाले गत वर्षको भदौ महिनादेखि १० हजार लिटर खानेपानी नि:शुल्क उपलब्ध गराउने व्यवस्था गरेपछि खानेपानी बोर्डमा उपभोक्ता समितिहरु हस्तान्तरण गर्ने क्रम तिब्ररुपमा बढिरहेको छ।**

**बागमती प्रदेश सरकार र हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको सहलगानीमा हेटौंडा-१६ को त्रिशुले, हेटौंडा-८ को कमाने र हेटौंडा-९ को लामसुरेमा पाइपलाइन विस्तारको कार्य भइरहेको छ । खानेपानी तथा सरसफाई डिभिजन १ कार्यालयबाट बोलपत्रमार्फत् बोर्डको ३० प्रतिशत लागत सहभागितामा हेटौंडा-८, ओमनगर र हेटौंडा-६, गौरीटारमा डिप ट्युबेल निर्माण कार्य सम्पन्न गरेको छ। यसैगरी हेटौंडाको वडा नम्बर ४, ५, ६, ७, १४ र १५ मा खानेपानी पाइपलाइन सुधार तथा विस्तारको कार्य भइरहेको सूचना अधिकृत न्यौपानेले जानकारी दिनुभयो ।**

**गत जेठमा लामो समय पानी नपरेपछि हेटौंडाको मुख्य बजार क्षेत्रमा पर्याप्त खानेपानी वितरण गर्न असहज भएपछि बोर्डले भीमफेदी गाउँपालिका-१, सामरीमा नेपाली सेनाले उपलब्ध गराएको जग्गामा समवेल निर्माण गरी प्रतिदिन करिब २० लाख लिटर पानी संकलन गरेको उहाँले बताउनुभयो । सन् २०३० सम्म सबैका लागि पर्याप्त खानेपानी उपलब्ध गराउने उद्देश्यले बोर्डले योजनाबद्ध ढंगबाट काम गरिरहेको उहाँको भनाइ छ।**

**संघीय सरकार, हेटौंडा उपमहानगर पालिका र हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको संयुक्त लगानीमा वडा नं १६ को पूरै क्षेत्र र वडा नं ११ को थानाभन्याङ, सिमलटारमा करिब ४ हजार ५ सय घर धुरीमा खानेपानी उपलब्ध गराउन आवश्यक संरचना निर्माण भइरहेको छ। वडा नं ६ र १७ को गैरीगाउँ, चुच्चेखोला, चौघडा क्षेत्रका लागि पानीट्याङ्की निर्माण, मेन तथा शाखा पाइपलाइन बिस्तार कार्य भइरहेको छ। यस्तै, वडा नं ९ र नगरको मुख्य बजार क्षेत्रमा खानेपानीको स्रोत वृद्धिका लागि कुखरेनी खोलामा डिप बोरिङ निर्माण गरी बेतखोल्ची डाँडामा पानीट्याङ्की निर्माण कार्य, विभिन्न स्थानमा मेन पाइप बिच्छ्याउने र पानी शुद्धिकरण कार्य गर्न खानेपानी तथा सरसफाई विभाग काठमाडौंबाट विस्तृत अध्ययन सम्पन्न भई स्रोत सुनिश्चितताका लागि ४ महिनाअघि अर्थ मन्त्रालयमा आवश्यक कागजात पठाइएको छ ।**

**गत आर्थिक वर्षमा बोर्डले १७ करोड २० लाख रुपैयाँ आम्दानी गरी १५ करोड ८० लाख रुपैयाँ खर्च गरेको छ । बोर्डले १८ करोड ८२ लाख रुपैयाँ आय तथा व्यय गर्ने अनुमान गरेकोमा आयतर्फ ९१ प्रतिशत र व्ययतर्फ ८४ प्रतिशत प्रगति हासिल गरेको जानकारी दिएको छ । आर्थिक वर्ष २०७९/०८० मा बोर्डले १२ करोड ४ लाख ३० हजार रुपैयाँ खानेपानी महशुल संकलन गरेको छ । उक्त वर्षमा ३२ लाख १६ हजार रुपैयाँ खानेपानी महशुल बक्यौता राखेको बोर्डले ८२ लाख ४० हजार रुपैयाँ अग्रिम महशुल संकलन गरेको छ ।**


## श्री महेन्द्र किरण माध्यमिक विद्यालय

मनहरी-८, मकवानपुर

### शिक्षक आवश्यकता

*(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०५/०३ गते)*

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरको मिति २०८०।०४।१६ गतेको प.सं २०८०।०८१, च.नं ८४ को पत्रानुसार यस विद्यालयमा रिक्त हुन आएको माध्यमिक तह, सामाजिक विषयको राहत अनुदान कोटामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलबमोजिम योग्यता पुगेका नेपाली नतागरिकहरुबाट तोकिएको मिति र समयमा दरखास्त दिन आव्हान गरिन्छ ।

**तपसिल**

१. तह : माध्यमिक, तृतीय श्रेणी (राहत अनुदान)
२. विषय : सामाजिक
३. योग्यता : सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको
४. उमेर : दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
५. दरखास्त दस्तुर : रु. १५,००।- (अक्षरुपि एक हजार पाँचसय मात्र)
६. छनोट प्रक्रिया : लिखित र अन्तरवार्ता (आवश्यकताअनुसार प्रयोगात्मक परीक्षा लिन सकिने)
७ दरखास्त दिने अन्तिम मिति : २०८०।०५।१७ गते विद्यालय समयभित्र ।
८. सम्पर्क मिति : २०८०।०५।१८ गते १:०० बजे पछि ।
९. तलब तथा सेवा सुविधा नेपाल सरकारको प्रचलित नियमानुसार ।

**१०. अनिवार्य आवश्यक कागजातहरू**

क. हस्तलिखित निवेदन
ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
ग. शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि
घ. स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि

**पुनश्च**: तोकिएको अवधि भित्र शिक्षक सेवा आयोगको करार सूचीमा सूचिकृत आवेदकले निवेदन दिएमा निजलाई प्राथमिकता दिईनेछ । (विज्ञापन भएको मितिले ७ (सात) दिन भित्र)

सम्पर्क नं.: प्र.अ. ९८४५०५६९६६, लेखापाल : ९८६१९२१९३३



## Vacancy announcement

*Date of notice publication 2080/05/03*

Women Skill Creation Centre (WOSCC) Nepal is the well-established social organization registered in 1992 under the concerned authority of government of Nepal has been actively moving for 30 years. Supporting for the formation of aware, healthy, prosperous and dignified society is the vision of the organization. The organization has been actively playing successful role to promote good governance and to empower communities with the help the heal of social mobilization in the task of establishing rights of human being with dignity and special for assurance of child rights and women rights. This organization requires following position urgently:

**Designation: Executive Director**

**Duty Station: Central office, Hetauda**

Job Summary: Responsible to overall manage, implement, organize and evaluate/control the program activities and financial as well as administrative activities as per project financial resources in accordance with the sub agreement with donor organization and maintain district/ national level networks and coordination to run all project activities smoothly.

**Requirements:**

- Minimum 2 years' experience in managerial role in NGO/INGO.
- At least master degree in any faculty.
- Proficiency in Microsoft office.
- Able to write report and proposal for NGO.
- Capacity to build strong, positive professional relationship with beneficiaries, staff and stakeholders.
- Having knowledge in financial management.
- Strong attention to detail with good time management and the ability to multi task.
- Professional presentation, strong communication and negotiation skills.
- Fluent in English on both writing and speaking.
- Smart leadership and organizational skills.

The candidate who meet above mentioned requirement can submit his/ her CV with academic documents on wosccnepal2049@gmail.com within 7 days of this notice publication date.